# आदर्श गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड :- १०(दश) संख्या :- २(दुई) राजपत्रमा प्रकाशित मिति :- २०८३/०४/०१

बैठकबाट स्वीकृती मिति :- २०८३/०३/३०

प्रमाणिकरण मिति : २०८३/०३/३०

**भाग – १**

## आदर्श गाउँपालिकाको विनियोजन ऐन, २०८३

**आदर्श गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को सेवा र कार्यको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,**

**प्रस्तावना :**

आदर्श गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम आदर्श गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम "**आदर्श गाउँपालिकाको विनियोजन ऐन, २०८३**" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>आर्थिक वर्ष २०८३/०८४ को निमित्त सञ्चितकोषबाट रकम खर्च गर्ने अधिकार :</u>**

(१) आर्थिक वर्ष २०८३/०८४ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालू खर्च, पुँजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. **५६,६०,४६,०००/-** (अक्षेरुपी, छपन्न करोड साठी लाख छयालिस हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ ।

३. **<u>बिनियोजन :</u>**

(१) यस ऐनद्वारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८३/०८४ को निमित्त आदर्श गाउँपालिकाको गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा वचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकायपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिने छ ।पुँजिगत खर्च र वित्तीय व्यवस्थापनतर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा वाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तिय व्यवस्थापन अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानीखर्च शीर्षकमा वाहेक अन्येत्र सार्न सकिने छैन ।

तर चालु तथा पुँजिगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

आदर्श गाउँपालिका

## अनुसूची - १

### (दफा २ सँग सम्बन्धित)

### नेपालको संविधानको धारा २२९ (२) बमोजिम सञ्चितकोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँकार्यपालिका | ३२४०६० | २०९५१३.२५ | ० | ५३३५७३.२५ |
| २ | | वडा समिति | ४२०० | १९६०० | ० | २३८०० |
| ३ | | विषयगत शाखा | ८६७२.७५ | ० | ० | ८६७२.७५ |
| ४ | | ऋणको सावाँ व्याज भुक्तानी | ० | ० | ० | ० |
| ५ | | लगानी (शेयर/ऋण) | ० | ० | ० | ० |
| | | **कूल जम्मा** | **३३६९३२.७५** | **२२९११३.२५** | **०** | **५६६०४६** |

आज्ञाले,
भुवनराज पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

आदर्श गाउँपालिका